# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बहुअरी पिडरी, पर्सा
## मधेश प्रदेश, नेपाल

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी ७ (सात) दिने सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०१/२८ गते बिहिबार)**

बहुदरमाई नगरपालिकाको लागि तपसिलको पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करार सेवामा राख्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र कार्यालय समयभित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्यविवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट http://www.bahudarmaimun.gov.np/ बाट उपलब्ध हुनेछ ।

तपसील:

| सि.नं. | विज्ञापन नं. | पद | तह | संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०४-२०७९/०८० | पशु चिकित्सक | अधिकृतस्तर छैठौं | १(एक) | रु १०००/- | एक पालिका एक भेटेनरी डाक्टर |
| २. | ०५-२०७९/०८० | कृषि स्नातक प्राविधिक | अधिकृतस्तर छैठौं | १(एक) | रु १०००/- | कृषि स्नातक करार |

**१. आवश्यक न्यूनतम योग्यता :**

क) पशु चिकित्सकको लागि मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट पशु चिकित्सा बिषयमा B.Vsc & A.H./B.v.Sc. वा सो सरहको स्नातक तह उतीर्ण गरेको र परिषदमा दर्ता भएको ।

ख) कृषि स्नातक प्राविधिकको लागि मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उतीर्ण गरेको ।

**२. उमेरको हद :** दरखास्त दिने अन्तिम मितिमा कम्तीमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र अपाङ्ग तथा महिलाको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको ।

**३. सेवाको किसिम :** करार सेवा

**४. दरखास्त बुझाउने स्थान :** बहुदरमाई नगर कार्यपालिकाको कार्यालय, बहुअरी पिडरी, पर्सा ।

**५. दरखास्त दिने अन्तिम मिति :** २०८०/०२/०३ गते सम्म ।

**६. छनौटको किसिम :** प्रारम्भिक योग्यताको सूची प्रकाशन र अन्तर्वार्ता ।

**७. परीक्षाको मिति :** दरखास्त संकलनपछि सूचना प्रकाशित गरिनेछ ।

**८. आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयम्ले प्रमाणीत गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपि

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि

ख) न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि

ग) चारित्रिक प्रमाण पत्रको प्रमाणीत प्रतिलिपि

घ) परिषद् दर्ता प्रमाण पत्रको प्रतिलिपि (पशु चिकित्सकको हकमा)

ङ) कार्य अनुभव भएमा सो को प्रमाणपत्रको प्रतिलिपि

च) पासपोर्ट साइजको ३ प्रति फोटो । (पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणीत गरेको हुनुपर्नेछ )

**९.पारिश्रमिक तथा करार अवधी : "स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०७९"** बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत